# ~ १४ ~

*[संवत् २०६१ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री फणीन्द्रराज खेतालालाई र सोही सालको 'मदन पुरस्कार' 'पल्पसा क्याफे' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री नारायण वाग्लेलाई समर्पण गर्न संवत् २०६२ साल आश्विन १८ गते रोज ४ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १८४ बाट उद्धृत गरिएको हो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

आदरणीय अङ्गुरबाबाज्यू, समादरणीय 'ब्यौलाद्वय' तथा साहित्यिक बन्धुहरू !

यो पुरस्कार समारोह, आजको यो कार्यक्रम हामीलाई अलि बढी महत्त्वपूर्ण लागेको छ। त्यो किनभने यो गुठीको स्वर्णवर्ष मनाउँदै छौं हामी। २०१२ साल मङ्सिर २८ गते सम्माननीया रानी जगदम्बाले गुठीको दानपत्रमा ल्याप्चे लाएर यो संस्था खडा गर्नुभएको विशेष रूपले स्मरण गर्न पनि म तपाईंहरूलाई आग्रह गर्दछु। त्यस अविस्मरणीय क्षणलाई अजरअमर बनाइदिनुभएको थियो प्राज्ञ कलाकार अमर चित्रकारले। कलाकार अमरको त्यो स्तुत्य कार्यलाई अमरत्व प्रदान गर्न हामीले आजको कार्यक्रम-पुस्तिकाको मध्यभागमा सो चित्र दिएका छौं। त्यसलाई तपाईंहरू पनि एकपल्ट हेरिदिनुहोस् र गुठीका हामी सबैलाई कृतकृत्य पार्नुहोस् भन्दै म तपाईंहरू सबैलाई हार्दिक स्वागत गर्दछु।

स्वागत छ खेतालाज्यू, जगदम्बा र तपाईंको नाता गाँसिएको २०१८ सालमै हो। तपाईंको नाटक 'विजय' जगदम्बा प्रकाशनले प्रकाशित गरेको थियो। तपाईंलाई आज जगदम्बा-श्रीले सम्मान गर्न पाउँदा मलाई औधी आनन्द लागेको छ। आजीवन नेपाली भाषा शिक्षणमा समर्पित भएर पनि साहित्यसेवा गरी तपाईंले साहित्य-सिर्जना गर्न छाड्नुभएन। नेपाली भाषाप्रतिको भक्तिभावले गर्दा गुठीले तपाईंको सम्मान गरेको हो भन्ने मलाई लाग्छ। म तपाईंलाई यस समारोहमा हार्दिक स्वागत गर्दछु।

नारायण वाग्लेज्यू, तपाईंले त हामीलाई गुन लाउनुभयो– हामी भन्नाले हामी नेपाली साहित्यिक वर्गलाई। हुन त नेपाली पत्रकारिताको सागरमा निमग्न रहेर पनि तपाईंले नेपाली भाषा वाङ्मयको प्रशंसनीय सेवा गरिराख्नुभएकै थियो तर ऐले आएर आख्यानको क्षेत्रमा उत्रेर पहिलैबाजि यत्ति मीठो उपन्यास नेपाली साहित्य-संसारलाई दिएर तपाईंले हामीहरूलाई गुन लगाउनुभएको छ। यस्ता गुनिला व्यक्ति तपाईंलाई म न्यानो स्वागत गर्दछु।

आदरणीय अङ्गुरबाबाज्यू, हाम्रो निमन्त्रणा स्वीकार गरेर आज यस समारोहमा विद्वत्प्रवचन गर्न पाल्नुभएकोमा गुठीपरिवार अनुगृहीत छ। म तपाईंलाई आदरपूर्वक स्वागत निवेदन गर्दछु।

गत मङ्सिर २८ गतेदेखि नै हामी गुठीको स्वर्णवर्ष मनाउँदै आइरहेको छौं। आगामी मङ्सिर २७ गते हाम्रो स्वर्ण वर्षको कार्यक्रमको समापन हुनेछ। हामीले यो स्वर्णवर्ष कसरी मनायौं र कसरी मनाउँदै छौं भन्ने कुरा पनि यस पुस्तिकामा सबै दिइएको छ। यी कार्यक्रमहरूमा कतिपय तपाईंहरू पनि सहभागी हुनुभएको छ। अरूहरूको पनि हामी शुभकामना र आशीर्वचनको अपेक्षा गर्दछौं।

यस वर्षदेखि पुरस्कारको राशी बढेको छ र यस वर्ष त पुरस्कारको रकमले स्वर्णमुद्रा (असर्फी) नै तपाईं दुई ब्यौलाहरूलाई टक्र्याउनेछौं। यो स्वर्ण मुद्रा या असर्फी साधारण असर्फी होइन, मदन पुरस्कार चिन्ह अङ्कित छ यसमा। गत माघमा, श्रीपञ्चमीका दिन माननीय अर्थमन्त्रीज्यूले यो असर्फी सार्वजनिक गर्नुभएको थियो। उपस्थित तपाईं पाहुनाहरूलाई पनि त्यो मुद्रा उपलब्ध गराउन सकेको भए हुन्थ्यो, त्यो गर्न नसकिएको हुँदा त्यसको रूपचिन्ह आज वितरित पुस्तिकामा अङ्कित गरेका छौं। उपस्थित अभ्यागतवर्ग, दसैंबेला भए पनि अफिस नछुटेका बेला यसरी यहाँ आइपुग्न तपाईंहरूलाई अवश्य अप्ठेरो परेको छ। हामीलाई थाहा छ। तर हामीलाई माया गरेर पाल्नुभैदियो। हामी आभारी छौं। तपाईंहरूको उपस्थितिले समारोहस्थललाई गरिमामय बनाएको छ।

म तपाईंहरूलाई सधन्यवाद स्वागत गर्दछु।

सबैको जय होस्!

⊠ ⊠ ⊠